नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

पत्र संख्या : ०७९/८०

चलानी नं: ८४६

मितिः २०७९/०६/०६

श्री स्थानीय तहहरु (सबै)।

विषयः प्रमुख प्रशासकीय अधिकृतको हाजिरी सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट विभिन्न मितिमा स्थानीय तहहरुमा कामकाज गर्न खटाईएका प्रमुख प्रशासकीय अधिकृतहरुलाई केही स्थानीय तहहरुले हाजिर नगराई फिर्ता पठाएको घटनाप्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (४) मा भएको व्यवस्था बमोजिम यस मन्त्रालयबाट स्थानीय तहहरुमा प्रमुख प्रशासकीय अधिकृतहरु खटाउने गरिएको र सोही बमोजिम खटाईएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराई फिर्ता पठाउदा कर्मचारी व्यवस्थापनमा गम्भिर समस्या सिर्जना हुनका साथै स्थानीय तहको सेवा प्रवाह एवं प्रशासकीय सुशासनमा समेत असर पर्ने देखिन्छ ।

अतः सबै स्थानीय तहहरुले यस मन्त्रालयबाट खटाईएका प्रमुख प्रशासकीय अधिकृतहरुलाई हाजिर गराई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले निर्दिष्ट गरेको सहकारिता, समन्वय र सह-अस्तित्वको सिद्धान्तको मर्मलाई कार्यान्वयन गर्न तथा स्थानीय तहमा सेवा प्रवाह एवं सुशासन कायम गर्नुहुन यस मन्त्रालयको मिति २०७९/०६/०६ गतेको निर्णयानुसार अनुरोध छ ।

२०७९/६/६

(अनुज घिमिरे)

शाखा अधिकृत